मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ११७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत २ गते सोमबार (Monday, 16 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## जुवातास खेलिरहेको अवस्थामा पक्राउ

**सुनसरी, चैत १।** धरान उपमहानगरपालिका-१३ जिरोप्वाइन्टस्थित होटलबाट जुवातास खेलिरहेको अवस्थामा सोही उपमहानगरपालिका-१६ बस्ने ३२ वर्षीय किसन घिमिरेसहित ११ जनालाई प्रहरीले पक्राउ गरेको छ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र वडा प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख १ हजार ८ सय २५ रूपैयाँ र ३ बुक तासासहित पक्राउ गरेको हो।

## कोशीमा ८१.६% उम्मेदवारको जमानत जफत




**झापा, चैत १।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कोशी प्रदेशबाट प्रतिस्पर्धा गरेका अधिकांश उम्मेदवारले जमानत जोगाउन सकेनन्।

प्रदेशभर चुनावी मैदानमा उत्रिएका ८१.६० प्रतिशत उम्मेदवारको जमानत जफत भएको प्रदेश निर्वाचन कार्यालय विराटनगरले जनाएको छ।

कार्यालयका अनुसार विभिन्न राजनीतिक दल र स्वतन्त्रतर्फबाट उम्मेदवारी दिएका ४ सय ९५ जनामध्ये ३ सय ९९ जनाले आवश्यक मत ल्याउन नसक्दा जमानत गुमाएका हुन्। जम्मा ९६ जना उम्मेदवारले मात्र धरौटी जोगाउन सकेका छन्, जुन कूल उम्मेदवारको १८.४० प्रतिशत मात्र हो।

निर्वाचन कार्यालयका अनुसार स्वतन्त्र उम्मेदवारमध्ये अधिकांशले जमानत जोगाउन सकेनन्। दलबाट उम्मेदवारी दिएका उम्मेदवारमध्ये पनि ठूलो संख्या आवश्यक मत प्राप्त गर्न असफल भएको जनाइएको छ। केही निर्वाचन क्षेत्रमा ठूला राजनीतिक दलका उम्मेदवारको समेत धरौटी जफत भएको बताइएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१को उपदफा (१) अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था छ।

कोशी प्रदेशका १४ जिल्लामा २८ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र छन्। तीमध्ये ६ वटा निर्वाचन क्षेत्र रहेको मोरङमा १ सय १० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए। तीमध्ये ९१ जनाको जमानत जफत हुँदा १९ जनाले मात्र जोगाउन सकेका छन्।

प्रदेश निर्वाचन अधिकारी चोलाराज दंगालका अनुसार मोरङ-१मा १७ मध्ये १३, मोरङ-२मा १७ मध्ये १४, मोरङ-३ मा १८मध्ये १५, मोरङ-४मा १९ मध्ये १६, मोरङ-५मा २२मध्ये १८ र मोरङ-६ मा १७मध्ये १५ जना उम्मेदवारले जमानत जोगाउन सकेनन्।

झापामा पनि धरौटी जफत हुने उम्मेदवारको संख्या उल्लेख्य देखिएको छ। पाँच निर्वाचन क्षेत्र रहेको झापामा ९० जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका थिए। तीमध्ये १२ जना मात्र जमानत जोगाउन सफल भए भने ७८ जनाको जफत भएको छ। झापा-१मा १५ मध्ये १२, झापा-२मा १८मध्ये १६, झापा-३ मा १७मध्ये १५, झापा-४मा १६मध्ये १३ र झापा-५मा २४ मध्ये २२ जना उम्मेदवारले धरौटी जोगाउन सकेनन्।

चार निर्वाचन क्षेत्र रहेको सुनसरीमा १ सय १० जना उम्मेदवार चुनावी मैदानमा थिए। तीमध्ये १० जनाले मात्र जमानत जोगाउँदा बाँकी १ सय जनाको धरौटी जफत भएको छ। सुनसरी-१मा २६ मध्ये २४, सुनसरी-२मा २८ मध्ये २६, सुनसरी-३मा २३ मध्ये २० र सुनसरी-४मा ३३मध्ये ३० जनाको जमानत जफत भएको दंगालले जानकारी दिए।

इलामका दुई निर्वाचन क्षेत्रमा २७ मध्ये १८ जनाको जमानत जफत भएको छ। इलाम-१मा १३ मध्ये ८ र इलाम-२ मा १४मध्ये १० जना उम्मेदवारले धरौटी जोगाउन सकेनन्। उदयपुरमा पनि दुई निर्वाचन क्षेत्रबाट ३१ उम्मेदवारमध्ये २१ जनाको जमानत जफत भएको छ।

यस्तै, एउटा मात्र निर्वाचन क्षेत्र रहेका ताप्लेजुङ, पाँचथर, धनकुटा, संखुवासभा, तेह्रथुम, भोजपुर, खोटाङ, ओखलढुंगा र

*(बाँकी अन्तिम पृष्ठमा)*

# प्रहरी हिरासतमा अग्रवाललाई 'यातना'

### अर्कैको मुद्दामा साक्षी बसेका अग्रवाललाई पक्राउ पुर्जीबिनै हिरासतमा राखिएको दावी

**झापा, चैत १।** बिर्तामोडका एक व्यवसायी युवालाई पक्राउ गरी प्रहरी हिरासतभित्र चरम यातना दिएको घटना बाहिरिएको छ।

बिर्तामोड नगरपालिका-५ निवासी कृष्ण अग्रवाललाई हिरासतमा चरम यातना दिइएको पीडितले सञ्चारकर्मी र प्रहरी अधिकृतसमक्ष बताएका छन्। अदालतमा बिचाराधीन मुद्दाका साक्षी बसेका उनलाई प्रहरीले बिना पुर्जी पक्राउ गरी हिरासतमा राखेर यातना दिएको दावी गरिएको छ।




अग्रवाललाई इलाका प्रहरी कार्यालय अनारमनीले शनिबार नियन्त्रणमा लिएको थियो। झापा जिल्ला अदालतमा दर्ता भएको 'झुट्टा प्रमाण एवम् परिस्थिति निर्माण' सम्बन्धी मुद्दामा अग्रवाल साक्षीका रूपमा रहेका थिए। उक्त मुद्दा बुद्धशान्ति-२का प्रज्ज्वल कार्कीले कनकाई नगरपालिका-२ सुरुङ्गाका निर्मल श्रेष्ठबिरुद्ध दायर गरेका थिए।

शनिबार बिर्तामोडस्थित अतिथि सदनमा श्रेष्ठ पक्षका केही व्यक्तिले अग्रवाललाई नियन्त्रणमा लिएर अभद्र व्यवहार गरेका थिए। कार्कीको पक्षमा किन साक्षी बसेको भन्दै केरकार गर्दै उनलाई नियन्त्रणमा राखिएको र त्यसपछि प्रहरीको जिम्मा लगाइएको बताइएको छ। अग्रवालमाथि दुर्व्यवहार गरिएको भिडियोसमेत रेकर्ड भएको दाबी गरिएको छ। तर, घटनाबारे अनुसन्धान नगरी प्रहरीले प्रभावमा परेर अग्रवाललाई नै बिना पक्राउ पूर्जी हिरासतमा राखेको आरोप लागेको हो।

उक्त विवादको जडमा बिदेश पठाउने नाममा भएको ठगी प्रकरण रहेको बताइन्छ। बिर्तामोड घर भई दुबईमा बस्दै आएका प्रकाश संग्रौला र सुरुङ्गाका निर्मल श्रेष्ठले युरोपेली मुलुक क्रोएशिया पठाइदिने भन्दै धेरै बिद्यार्थीबाट तीन करोड रुपैयाँभन्दा बढी रकम उठाएको आरोप छ।

पीडितका अनुसार संग्रौलाले बिद्यार्थीहरूलाई आफ्ना साथीभाइका बैंक खातामा रकम जम्मा गर्न लगाउने र त्यसपछि नगद निकालेर श्रेष्ठमार्फत बुझ्ने व्यवस्था मिलाइएको थियो। दुबईमा रहेका संग्रौलासम्म रकम पुगेपछि उनी सम्पर्कविहीन भएको बताइएको छ।

संग्रौला सम्पर्कमा नआएपछि श्रेष्ठले रकम जम्मा भएका बैंक खाताका व्यक्तिहरूलाई नै मुद्दा हाल्ने धम्की दिएको आरोप पनि लागेको छ। यही सन्दर्भमा कार्कीले श्रेष्ठबिरुद्ध झापा जिल्ला अदालतमा झुट्टा प्रमाण तथा परिस्थिति निर्माण गरेको भन्दै मुद्दा दायर गरेका थिए।

यसअघि पीडितहरूले श्रेष्ठबिरुद्ध ठगीको उजुरी प्रहरीमा दिएका थिए। सोही आधारमा उनीबिरुद्ध ठगी मुद्दा चलेको थियो। प्रहरी हिरासतमा रहेका श्रेष्ठपछि मिलापत्रका माध्यमबाट छुटेका थिए। बिद्यार्थीलाई क्रोएशिया पठाउने नाममा ठगी गरेको आरोप लागेका व्यक्तिको प्रभावमा परेर मुद्दाका

*(बाँकी अन्तिम पृष्ठमा)*

## राप्रपा: झापाकी खुश्बूसहित चार जना समानुपातिक सांसद



**काठमाडौं, चैत १।** राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले समानुपातिक सांसदको टुंगो लगाएको छ।

आइतबार बसेको कार्यसम्पादन समितिको बैठकले क्लष्टर मिलाएर नाम सिफारिस गरेको हो। जसमा खस आर्य पुरुषतर्फ भरत गिरी, मुस्लिम पुरुषमा ताहिर अली छन्।

यस्तै, खस आर्य महिलामा खुश्बू ओली र जनजाति महिलामा सरस्वती लामाको नाम निर्वाचन आयोगमा पठाएको हो। फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको चुनावमा राप्रपाले प्रत्यक्षमा जुम्लामा जित निकालेको थियो। देशैभर समानुपातिकतर्फ राप्रपाले ३ लाख ३० हजार ६८४ मत पाएको थियो।

*(बाँकी अन्तिम पृष्ठमा)*

## आकर्षक पर्यटकीय गन्तव्य बन्दै 'मलुवा पोखरी'

**भोजपुर, चैत १।** टेम्केमैयुङ गाउँपालिका-२ छिनामखुमा अवस्थित मलुवा पोखरी पछिल्लो समय पर्यटकको आकर्षक गन्तव्यका रूपमा परिचित बन्दै गएको छ।

सरकारले घोषणा गरेको घुम्नैपर्ने एक सय पर्यटकीय गन्तव्यभित्र परेको मुन्दुम पदमार्गको यात्राका क्रममा भेटिने यो पोखरी प्राकृतिक सौन्दर्यका कारण पर्यटकमाझ लोकप्रिय बन्दै गएको हो।

समुद्री सतहबाट करिब दुई हजार ५०० मिटर उचाइमा रहेको यो पोखरी घाँसेमैदानको बीचमा अवस्थित छ। वरिपरि फैलिएको हरियाली, शान्त वातावरण र प्राकृतिक सौन्दर्यले यहाँ पुग्ने पर्यटकलाई लोभ्याउने गरेको छ। बाह्रै महिना पानीले भरिएको रहने यस पोखरीको मनमोहक दृश्यले पदयात्रामा निस्कने पर्यटकलाई विशेष आनन्द दिने गर्छ।

मुन्दुम पदमार्गमा पदयात्रा गर्ने आन्तरिक तथा बाह्य पर्यटकका लागि मलुवा पोखरी विश्रामस्थलका रूपमा पनि परिचित बन्दै गएको छ। पदमार्गको यात्रामा निस्केका पर्यटक यहाँ पुगेर केही समय विश्राम गर्ने, फोटो खिच्ने र प्राकृतिक दृश्यावलोकन गर्ने गर्दछन्।

पर्यटकको आकर्षण बढाउन पोखरीमा माछाका भुरासमेत हालिएको छ। पोखरी वरिपरि फैलिएको घाँसेमैदान र सुन्दर वातावरणले यस क्षेत्रलाई अझ आकर्षक बनाएको छ। वसन्तयाममा वरिपरि फुल्ने गुराँस तथा अन्य वनस्पतिले यस क्षेत्रको सौन्दर्यलाई थप मनमोहक बनाउने गरेको स्थानीयवासी बताउँछन्।

पर्यटन प्रवर्द्धनलाई ध्यानमा राख्दै गाउँपालिकाले पोखरी क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा ध्यान दिएको टेम्केमैयुङ गाउँपालिकाका अध्यक्ष सरोज बस्नेतले जानकारी दिए। उनका अनुसार मुन्दुम पदमार्ग हुँदै आउने पर्यटकको संख्या बढेसँगै यस क्षेत्रको महत्व पनि बढ्दै गएको छ।

स्थानीय तहले पदमार्गको प्रचारप्रसारसँगै मलुवा पोखरी क्षेत्रलाई थप व्यवस्थित बनाउने योजना रहेको गाउँपालिकाले जनाएको छ। प्राकृतिक सुन्दरता, शान्त वातावरण र मुन्दुम पदमार्गसँगको सम्बन्धका कारण मलुवा पोखरी पछिल्लो समय जिल्लाको महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको छ।

## पाँचथर प्रदेशकै पहिलो पूर्ण खोप सुनिश्चित जिल्ला



**पाँचथर, चैत १।** पूर्वी पहाडी जिल्ला पाँचथरलाई कोशी प्रदेशमै पहिलो पूर्णखोप सुनिश्चितता भएको जिल्ला घोषणा गरिएको छ।

आइतबार फिदिममा आयोजित कार्यक्रमका बीच जिल्लालाई पूर्णखोप सुनिश्चितता भएको घोषणा गरिएको हो।

कार्यक्रममा कोशी प्रदेशका स्वास्थ्यमन्त्री मानबहादुर लिम्बूले घोषणासभाको उद्घाटन गर्दै पाँचथरलाई पूर्णखोप सुनिश्चित भएको जिल्ला घोषणा गरेका हुन्।

जिल्ला स्वास्थ्य कार्यालय पाँचथरका प्रमुख महेश सुनुवारका अनुसार १६ महिनादेखि ५९ महिनासम्मका ७ हजार १२ जना बालबालिकालाई दिनुपर्ने सम्पूर्ण मात्राको खोप प्रदान गरिसकेपछि जिल्लालाई पूर्णखोप सुनिश्चितता भएको घोषणा गरिएको हो।

उनले पूर्णखोप सुनिश्चितता अभियान सफल बनाउन सहयोग गर्ने जिल्लाका सबै राजनीतिक दल, जनप्रतिनिधि तथा सहयोगी महानुभावहरूप्रति धन्यवाद समेत व्यक्त गरेका छन्।

## इलाममा बर्खा अघि सडक मर्मत होला ?

**इलाम, चैत १।** बर्खायाममा ग्रामीण क्षेत्रका सडक हिलाम्मे भई सर्वसाधारणलाई सास्ती हुने अवस्था नआओस् भन्ने उद्देश्यले निर्माणाधीन सडक समयमै सम्पन्न गराउन इलाम नगरपालिकाले पहल थालेको छ।

निर्माण व्यवसायी, उपभोक्ता समिति तथा सम्बन्धित निकायलाई बर्खाको समयमा समेत सडक सञ्चालनयोग्य बनाउने गरी काम अघि बढाउन आग्रह गर्न इलाम नगरपालिका र सडक डिभिजन कार्यालय इलामबीच छलफल समेत गरिएको हो।

इलाम नगरपालिकाका प्रमुख केदार थापाले मेची राजमार्ग सहित जिल्लाका प्रमुख सडक समयमै सम्पन्न नभए बर्खायाममा नागरिकले ठूलो सास्ती खेप्नुपर्ने अवस्था आउने भएकाले समयमै काम अघि बढाउन छलफल गरिएको बताए। उनले बर्खा शुरु हुनुअघि नै सडकको स्तरोन्नति तथा मर्मतका काम तीव्र बनाइने पनि जानकारी दिए।

गतअसोजमा परेको भारी वर्षासहितको बाढीका कारण जिल्लाभरका सडकमा ठूलो क्षति पुगेको थियो। ती क्षतिग्रस्त सडक पुन:सञ्चालनमा ल्याउन तथा ठूला आयोजना अघि बढाउन तत्काल ठेक्का प्रक्रिया अघि बढाइने जनाइएको छ। डिभिजन प्रमुख सडक डिभिजन कार्यालय इलामका पवन भट्टराईका अनुसार पुवा खोला र जोगमाई खोलामा बेलिब्रिज निर्माणको काम शुरु भइसकेको छ। अन्य सडकको मर्मत तथा पुनर्निर्माण पनि समयमै अघि बढाइने उनले बताए।

गतअसोज १८ गते आएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## तु-आवश्यकता

**बिर्तामोड-५मा रहेको बस्नेत फ्रेस हाउसको लागि कामदारको आवश्यकता परेकोले सम्पर्क गर्नुहोला।**

१) खसी काट्न मासु बनाउन जान्ने पुरुष: १ जना
२) चिकन बनाउन जान्ने महिला/पुरुष-१ जना

**खान, बस्न, एप्रोन र मेडिकलको व्यवस्थासहित**

नोट: खसी बनाउन (काटन जान्नेलाई) रु. १८०००।- र कुखुरा बनाउन (काट्न जान्नेलाई) रु. १५०००।-को व्यवस्था छ।

**मो. ९८०३४०१९७०**

## भिटा विक्रीमा

**बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा अर्जेन्ट परेर तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।**

**मो. ९८०७९२२३०१**

**१००% ग्यारेन्टीका साथ ज्योतिष सेवा**




तपाईहरुको भूतकाल, भविष्य र वर्तमान जस्ताको त्यस्तै स्पष्ट बताइदिने प्रखर ज्योतिष



सम्पर्क: NISHANT M JOTIC KENDRA
Newmarket, Panitanki I P.O. Dulaljote-734429 I Dist. Darjeeling, Westbangal
INDIAN NO: CALL & WHATSAPP +91-81598-50995
NEPALI NO CALL +977-98401-64453
Yubtube: Nishat M Jotic kendra

**वरिष्ठ मुटु रोग विशेषज्ञ**



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST
CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)
प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

**उपचार हुने रोगहरू**

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५४११७४, ९८२०४५११७४

## भद्रपुरमा सर्वाधिक पुरस्कारको महिला फुटबल

**झापा, चैत १।** भद्रपुरमा रु. ११ लाख नगद राशि पुरस्कार रहेको अन्तरराष्ट्रिय नकआउट महिला फुटबल गोल्डकप प्रतियोगिताको आयोजना हुने भएको छ।

चन्द्रगढी युवा क्लबको आयोजनामा उक्त प्रतियोगिता यही २०८३ वैशाख ५ देखि १४ गतेसम्म मेची रङ्गशालामा सञ्चालन हुने क्लबका अध्यक्ष रोहित सुब्बाले जानकारी दिए। प्रतियोगिताको मुख्य प्रायोजन भद्रपुरको ओमसाई पाथीभरा हस्पिटलले गर्ने भएको छ।

प्रतियोगितामा बिजेता टोलीले रु. ११ लाख नगद पुरस्कार प्राप्त गर्ने अध्यक्ष सुब्बाले जानकारी दिए। महिला फुटबलको इतिहासमै यति धेरै नगद पुरस्कार पहिलोपटक दिइन लागेको हो।

उनका अनुसार नेपाल, भारत र भुटानका १० वटा महिला फुटबल टोलीको सहभागिता रहने प्रतियोगितामा नेपालका शीर्ष टिमसहित भारत र भुटानको टिम आउने पक्का भइसकेको छ। आयोजकले अन्य देशबाट पनि टिम ल्याउने प्रयास गरिरहेको जनाएको छ।

झापालाई महिला फुटबलको हब बनाउने र फुटबलबाटै भविष्य देखेका खेलाडीलाई प्रोत्साहित गर्ने लक्ष्यसहित प्रतियोगिता सञ्चालन गरिने उनले बताए। प्रतियोगिताका लागि अहिले मेची रङ्गशालाको मैदानमा आवश्यक तयारी भइरहेको छ।

## अर्जुनधारामा ग्रासरुट फुटबल ट्रेनिङ

**अर्जुनधारा, चैत १।** झापाको अर्जुनधारा नगरपालिका-८स्थित शनिश्चरे फुटबल क्लबले ८ देखि १३ वर्ष उमेर समूहका बालबालिकाहरुलाई लक्षित गरी ग्रासरुट फुटबल ट्रेनिङ सञ्चालन गर्ने भएको छ।

गतमाघ ११ गतेदेखि १९ गतेसम्म सञ्चालन भएको झापा जिल्ला अन्तरपालिका यू-१८ नकआउट फुटबल प्रतियोगिता-२०८२ को आर्थिक प्रतिवेदन सार्वजनिक गर्न आइतबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उक्त ट्रेनिङ सञ्चालन गर्ने क्लबका सल्लाहकार एवम् प्रतियोगिताका संयोजक टेकराज तिलिङले जानकारी दिए।

अर्जुनधारा-७स्थित अर्जुनधारा खेलमैदानमा सञ्चालन हुने ट्रेनिङको अवधि तीन महिना हुनेछ। पालिकाभित्रका इच्छुक बालबालिका सहभागी हुन सक्ने उक्त ट्रेनिङका सहभागीहरुसँग न्यूनतम् शुल्क लिने बताइएको छ।

विगत तीन वर्षदेखि वडास्तरीय हुँदै जिल्लास्तरीय अन्तरपालिका यू-१८ नकआउट फुटबल प्रतियोगिता सम्पन्न गरेको क्लबले प्रतियोगिताबाट छनौट भएका अर्जुनधारा नगरपालिकाका खेलाडीहरुको लागि निःशुल्क फुटबल प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ।

त्यसैगरी क्लबले फुटबल खेल र खेलाडीहरुको वृत्तिविकासका लागि स्थापना गरेको अक्षयकोषमा यस वर्षको बचतबाट एक लाख रुपैयाँ जम्मा गर्ने बताइएको छ। यसअघि उक्त कोषमा एक लाख ५५ हजार रुपैयाँ रहेको क्लबका सचिव हरि गुरुङले जानकारी दिए।




त्यस्तै समाजमा समस्याको रुपमा देखिएको लागूऔषध न्यूनीकरण गर्न सम्बन्धित निकाय र सरोकारवालाहरुसँग हातेमालो गरी विभिन्न किसिमका कार्यक्रमको आयोजनासँगै त्यस किसिमको कार्यक्रममा सहभागी हुने क्लबको लक्ष्य रहेको छ। लागूऔषधमुक्त समाज निर्माणसँगै बालबालिकाहरुलाई लागूऔषधबाट टाढा राख्न पनि खेलकुद आवश्यक रहेको छ- सल्लाहकार तिलिङले भने।

क्लबका सल्लाहकार एवम् प्रतियोगिताका संयोजक तिलिङको अध्यक्षता र अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा संयोजक तिलिङले आर्थिक प्रतिवेदन सार्वजनिक गरेका थिए। प्रस्तुत प्रतिवेदन अनुसार जम्मा आय १५ लाख ८२ हजार दुई सय ३४ रुपैयाँ, जम्मा व्यय १० लाख ७७ हजार नौ सय १० रुपैयाँ र जम्मा बचत पाँच लाख चार हजार तीन सय २४ रुपैयाँ रहेको छ।

कार्यक्रममा अर्जुनधारा-८का वडाध्यक्ष कुमारप्रसाद उप्रेती, अर्जुनधारा नगर खेलकुद विकास समितिका अध्यक्ष सुरेन्द्रबहादुर धिमाल, झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले मामा, निर्माण व्यवसायी संघ झापाका पूर्व अध्यक्ष मिलन बस्नेतलगायतले आफ्नो धारणा राखेका थिए। उक्त कार्यक्रमको सञ्चालन सचिव गुरुङले गरेका थिए।

## हुरीका कारण झापामा केराखेतीमा क्षति

**झापा, चैत १।** तीन दिनदेखिको हुरीका कारण झापा गाउँपालिका-७ का किसानचन्द्र बस्नेतको दुई बिगाह जमिनमा लगाएको केराखेतीमा क्षति पुगेको छ।

कृषि ज्ञान केन्द्र झापाकी सहायक बाली संरक्षण अधिकृत अञ्जु आचार्यका अनुसार दुई बिगाह दुई कट्ठा जमिनमा लगाएको केरा हुरीले पूर्ण रुपमा नष्ट गरेको छ। भाँचिएका सबै केरा घरी लागेका रहेछन्- उनले भनिन्- पाक्न लागेका केरा नष्ट हुँदा किसानको ठूलो आर्थिक क्षति भएको छ।

उनका अनुसार बस्नेतले लगाएको ३० विगाह जमिनको केरामध्ये घरी लागेका दुई बिगाह जमिनको तीन हजार २०० बोट केरा नष्ट भएको हो। केरा नष्ट हुँदा करिब रु १६ लाखको क्षति भएको उनले बताइन्।

किसान बस्नेतले प्राकृतिक विपत्तिले आफूलाई पटक-पटक मारमा पारेको बताए। यसअघि गत असोज १८ र १९ गतेको अविरल वर्षा र बाढीले उनको करिब रु. एक करोड बराबरको केराखेती नष्ट गरेको थियो। बाढीले उजाडेको ठाउँमा बल्लतल्ल नयाँ बिरुवा हुर्काउँदै थिएँ, फेरि हुरीले सखाप पारिदियो- बस्नेतले भन्ने- अघिल्लो पटकको क्षतिको राहत अझै कतैबाट पाएको छैन, फेरि अर्को क्षति। प्राकृतिक विपद् पनि मलाई मात्र आउँछ कि जस्तो हुन थालेको छ।

## जेन-जी आन्दोलनः भ्रष्टाचार, बेरोजगारी र कुशासनबिरूद्ध युवाको विद्रोह

**काठमाडौँ, चैत १।** अर्थ मन्त्रालयले 'जेनजी आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र' शीर्षकमा गरिएको अध्ययन सार्वजनिक गरेको छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको अर्थशास्त्र केन्द्रीय विभागले गरेको उक्त अध्ययनले गत भदौ २३ र २४ गते नेपालमा भएको जेनजी आन्दोलनलाई केवल क्षणिक असन्तोष नभई भ्रष्टाचार, कुशासन, आर्थिक अवसरको अभाव, सामाजिक अन्याय र संस्थागत कमजोरीविरुद्ध युवाको सामूहिक तथा संरचनागत प्रतिक्रियाका रूपमा व्याख्या गरेको छ। अध्ययनले डिजिटल प्रविधिमा हुर्किएको, शिक्षित र सचेत जेनजी पुस्ताले लोकतान्त्रिक शासन प्रणालीमा पारदर्शिता, न्याय, अवसर र उत्तरदायित्वको अपेक्षा राखेको भए पनि ती अपेक्षा समयमा पूरा हुन नसक्दा व्यापक असन्तोष उत्पन्न भएको र यही असन्तोष आन्दोलनका रूपमा प्रकट भएको निष्कर्ष निकालेको छ।

समग्रमा जेनजी आन्दोलन युवाको क्षणिक आक्रोश मात्र होइन। यो भ्रष्टाचार, कुशासन, आर्थिक अवसरको अभाव, सामाजिक अन्याय र संस्थागत असफलताविरुद्धको सामूहिक तथा संरचनागत प्रतिक्रिया हो- अध्ययनको सारांशमा भनिएको छ- सुशासन र संस्थागत सुधार, मेरिटमा आधारित प्रशासन, अनिवार्य डिजिटल गभर्नेन्स, समयसीमाबद्ध नीति कार्यान्वयन, गुणस्तरीय रोजगारी सिर्जना, शिक्षा र सिपलाई श्रम बजारसँग समन्वय, डिजिटल अधिकारको संरक्षण तथा नीति निर्माणमा युवाको संस्थागत सहभागिता सुनिश्चित भए मात्र युवाको विश्वास पुनःस्थापना, सामाजिक स्थायित्व र दिगो लोकतान्त्रिक तथा आर्थिक विकास सम्भव हुने देखिन्छ।

अध्ययनले आन्दोलनका प्रमुख सामाजिक कारणमा राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वास, डिजिटल स्वतन्त्रतामा प्रतिबन्ध, राजनीतिक नेतृत्व र तिनका आफन्तको विलासी जीवनशैली, राज्य सेवामा सीमित व्यक्तिको पहुँच, रोजगारमुखी शिक्षा अभाव, योग्यताअनुसार रोजगारी नपाउनु, तथा राजनीतिक नियुक्तिमा नातावाद-कृपावादलाई औँल्याएको छ। त्यस्तै, समाजका सीमान्तकृत समुदाय विकासको मूल प्रवाहमा समाहित हुन नसक्दा उनीहरूको आक्रोश आन्दोलनका रूपमा प्रकट भएको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी यो अध्ययनले आन्दोलनको प्रमुख आर्थिक कारणका रूपमा बढ्दो बेरोजगारी, रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता, न्यून आय, न्यून ज्याला, आर्थिक अस्थिरता, उद्यमशीलताको सीमित अवसर र आय असमानता बढ्दै जानुलाई औँल्याएको छ। अध्ययनका अनुसार शिक्षा प्रणाली र श्रम बजारबीच ठूलो अन्तर रहेको छ। उच्च शिक्षा प्राप्त गरे पनि योग्यता अनुसारको रोजगारी नपाउनु युवाको असन्तोषको प्रमुख कारण बनेको उल्लेख गरिएको छ।

अध्ययनले आन्दोलनका सुशासन सम्बन्धी कारणमा प्रशासनिक प्रक्रियाको झन्झटिलोपन, सेवा प्रणालीमा एकद्वार प्रणालीको अभाव, मालपोत, कर तथा सेवा शुल्क बुझाउने कार्यालयमा सेवा भावनाको कमी, सार्वजनिक संस्थामा पारदर्शिताको अभाव, कार्यक्षमताको कमी तथा न्याय प्रणालीमा ढिलासुस्तीलाई मुख्य कारणका रूपमा उल्लेख गरेको छ। भ्रष्टाचारको सन्दर्भमा अधिकांश युवाले नेपालमा भ्रष्टाचार सामान्य स्तरभन्दा व्यापक भएको धारणा व्यक्त गरेका छन्। उनीहरूले भ्रष्टाचारलाई व्यक्तिगत नैतिक कमजोरी नभई प्रणालीगत असफलताको परिणामका रूपमा बुझेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

भ्रष्टाचार नियन्त्रणका निकायमा राजनीतिक नियुक्ति हुने र ती पदाधिकारी राजनीतिक नेतृत्वप्रति बढी उत्तरदायी हुने धारणा युवामा रहेकोले भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुन नसकेको बुझाइ युवामा रहेको प्रतिवेदनमा उल्लेख छ। डिजिटल स्वतन्त्रतालाई युवाले लोकतन्त्र र सुशासनको महत्वपूर्ण सूचकका रूपमा लिएका छन्। उनीहरूले डिजिटल अधिकारलाई नागरिकको नैसर्गिक अधिकार मान्ने गरेको अध्ययनले देखाएको छ। डिजिटल सेवामा केही सुधार देखिए पनि पहुँचको असमानता, प्राविधिक कमजोरी र व्यवस्थापकीय समस्या अझै कायम रहेको अध्ययनमा उल्लेख छ।

स्थलगत सर्वेक्षण अनुसार आन्दोलनले आर्थिक स्थिरता र निजी क्षेत्रको लगानी वातावरणमा नकारात्मक प्रभाव पारेको छ। यसले लगानीकर्ताको मनोविज्ञान र उद्यमशीलताको आत्मविश्वास कमजोर बनाएको अध्ययनले देखाएको छ। अध्ययनका अनुसार आन्दोलनका क्रममा देशभर आगजनी, तोडफोड तथा लुटपाटका घटनाका कारण करिब रु. ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक क्षति भएको अनुमान गरिएको छ।

यद्यपि, अध्ययनले आन्दोलनका केही सकारात्मक प्रभाव पनि देखाएको छ। जसमा परम्परागत राजनीतिक नेतृत्वको दम्भमा कमी आउनु, राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा उत्तरदायित्वको भावना बढ्नु, युवापुस्तामा राजनीतिक चेतनाको वृद्धि हुनु तथा भ्रष्टाचारविरुद्ध संस्थागत दबाब सिर्जना हुनु समावेश छन्।

अध्ययनले जेनजी आन्दोलनबाट प्राप्त सङ्केतलाई आधार मानेर विभिन्न नीतिगत सुधारका सुझाव दिएको छ। राजनीतिलाई पेशाभन्दा राष्ट्रनिर्माण र राष्ट्रसेवाका लागि गरिने पवित्र कार्यका रूपमा बुझ्नुपर्ने, राजनीतिक नियुक्ति पारिवारिक आधारमा नभई खुला प्रतिस्पर्धाबाट गर्नुपर्ने, शिक्षा प्रणालीलाई सिप र रोजगारीसँग जोड्नुपर्ने, सीमान्तकृत समुदायलाई विकासको मूल प्रवाहमा समावेश गर्नुपर्ने तथा आय असमानता घटाउनुपर्ने लगायत सुझाव समेटिएका छन्।

त्यस्तै, आर्थिक नीतिहरू कम्तीमा पाँच वर्षका लागि स्थिर बनाउनुपर्ने, सेवा प्रवाहलाई पारदर्शी, छिटो र जनमैत्री बनाउनुपर्ने, व्यापार र व्यवसायसम्बन्धी सेवा एकद्वार प्रणालीबाट उपलब्ध गराउनुपर्ने, भ्रष्टाचार नियन्त्रणका संवैधानिक निकायमा प्रतिस्पर्धाका आधारमा सक्षम र इमानदार व्यक्ति नियुक्त गर्नुपर्ने सुझाव पनि दिइएको छ। डिजिटल क्षेत्रको नियमन नियन्त्रणमुखी नभई अधिकारमैत्री बनाउनुपर्ने, माध्यमिक शिक्षामा अनिवार्य व्यावसायिक विषय समावेश गर्नुपर्ने तथा लगानीकर्ताले रोजगारी सिर्जना गर्ने परियोजनामा लगानी बढाउनुपर्ने अध्ययनको सिफारिस छ।

अध्ययनले नैतिक शिक्षा पुनः माध्यमिक तहमा अनिवार्य विषयका रूपमा समावेश गर्नुपर्ने सुझाव पनि दिएको छ। अध्ययनले आन्दोलनबाट भएको भौतिक क्षतिको पुनर्निर्माणलाई तत्कालीन प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने उल्लेख गरेको छ। बैंकिङ क्षेत्रमा पर्याप्त तरलता रहेको, बजारमा कर्जाको माग कम रहेको तथा ब्याजदर ऐतिहासिक रूपमा कम भएकाले सरकारले बैंकिङ क्षेत्रबाट ऋण लिएर पुनर्निर्माण कार्यलाई तीव्रता दिन सक्ने अध्ययनले सुझाव दिएको छ। यस्तो लगानीले राष्ट्रिय आय र समग्र माग बढाएर अर्थतन्त्रलाई पुनः चलायमान बनाउन सहयोग पुग्ने पनि अध्ययनको निष्कर्ष छ।

अध्ययनअनुसार आन्दोलनमा सहभागी युवामध्ये करिब ९८ प्रतिशतले माध्यमिक वा सोभन्दा माथिल्लो शिक्षा हासिल गरेका छन्। उमेरगत रूपमा १६ देखि २५ वर्ष समूहको सहभागिता सबैभन्दा धेरै रहेको पाइएको छ। पेशागत दृष्टिले विद्यार्थी, बेरोजगार र स्वरोजगार युवाहरूको उपस्थिति उल्लेखनीय देखिएको छ।

### कोशीमा ...

सोलुखुम्बूमा १ सय २७ जना उम्मेदवारमध्ये ९१ जनाले जमानत जोगाउन सकेनन्। यी जिल्लामा ३६ जनाले मात्र धरौटी जोगाएका छन्।

यसपटकको निर्वाचनमा कोशी प्रदेशबाट प्रत्यक्षतर्फ सबैभन्दा धेरै सिट राष्ट्रिय स्वतन्त्र पार्टीले जितेको छ। उक्त दलले १७ सिट जित्दा नेपाली कांग्रेस र नेकपा (एमाले)ले समान ४-४ सिट तथा श्रम संस्कृति पार्टीले ३ सिट जितेका छन्।

### राप्रपा ...

राप्रपाले पाएको यो मतका आधारमा निर्वाचन आयोगले ४ सिट पाउने निर्णय गरेको थियो। राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको केन्द्रीय कार्यालय धुम्बाराहीमा बसेको बैठकले समानुपातिक बन्दसूचीमा रहेका उम्मेदवारहरूलाई पार्टीले प्राप्त गरेको चार सिटका लागि प्रतिनिधिसभा सदस्य पदमा सिफारिस गर्ने निर्णय गरेको हो।

### प्रहरी ...

साक्षीलाई पक्राउ गरिएको भन्दै स्थानीयले आपत्ति जनाएका छन्। पक्राउ पुर्जी बिना कसैलाई हिरासतमा राख्नु गैरकानूनी हुने अधिवक्ता तारामणि सापकोटाले बताएका छन्। कानूनी प्रक्रिया पूरा नगरी व्यक्तिलाई थुनामा राख्नु विधिसम्मत हुँदैन- अधिवक्ता सापकोटाले भने।

पक्राउ परेका अग्रवाल दैनिक तारिकमा आइतवार साँझ छुटेको बताइएको छ। प्रहरी हिरासतमा रहँदा आफूमाथि कुटपिट भएको उनको भनाइ छ। हिरासतमा भएका व्यक्तिले आफूलाई कुटपिट गरेको अग्रवालले प्रहरी नायव उपरीक्षक बिजय श्रेष्ठलाई जानकारी गराएपछि हिरासत कक्षमा रहेको सीसीटीभी फुटेज हेरिएको र उनलाई छुट्टै कक्षमा राखिएको थियो।

### इलाममा ...

वर्षासहितको बाढीका कारण इलाम जिल्लामा १२ अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको सरकारी तथ्यांकमा उल्लेख छ। तर, पुनर्निर्माणका लागि पर्याप्त बजेट नआएकाले कतिपय सडक तथा पुल निर्माण अझै अन्योलमै रहेका छन्। स्थानीयवासी भने अब पुनर्निर्माणका लागि नयाँ सरकारबाट ठोस् पहल हुने अपेक्षामा बसेका छन्।

## भद्रपुरबाट दुई अर्ब ७० करोडभन्दा बढी राजश्व सङ्कलन

**भद्रपुर चैत १।** आन्तरिक राजश्व कार्यालय भद्रपुरले चालूआर्थिक वर्षको पहिलो आठ महिनामा रु. दुई अर्ब ७० करोड ५८ लाख ९८ हजार राजश्व सङ्कलन गरेको छ। यो रकम सो अवधिका लागि तय गरिएको लक्ष्यको ८० दशमलव ४३ प्रतिशत हो।

कार्यालयका प्रमुख कर अधिकृत गोपालबहादुर थापाका अनुसार चालूआर्थिक वर्षको फागुन मसान्तसम्म रु. तीन अर्ब ३६ करोड ४१ लाख राजश्व सङ्कलन गर्ने लक्ष्य राखिएको थियो। फागुनमा मात्र रु. ४४ करोड ५० लाख ८३ हजार राजश्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा लक्ष्यको ५७ दशमलव १७ प्रतिशत मात्र सङ्कलन भएको उनले जानकारी दिए। कार्यालयका अनुसार आठ महिनामा आयकरबाट रु. एक अर्ब २४ करोड ८२ लाख ४४ हजार, मूल्य अभिवृद्धि करबाट रु. ९७ करोड ३२ लाख १८ हजार तथा अन्तःशुल्कबाट रु. ३६ करोड ७० लाख ५३ हजार राजश्व सङ्कलन भएको छ।

प्रमुख कर अधिकृत थापाले गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण पछिल्लो समय बजार अनुगमनलगायत गतिविधि प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको बताए। लक्ष्य हासिल गर्न बजार अनुगमनलाई निरन्तरता दिने र करदातामुखी व्यवहारिक कर शिक्षा कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको उनले जानकारी दिए।

## स्रोत नखुलेको नगद बोक्दा...

**काठमाडौँ, चैत १।** काठमाडौँ महानगरपालिका-१स्थित जय नेपाल हल नजिकबाट स्रोत नखुलेको रु. १० लाख ६३ हजार ८ सय ४० सहित दुई जना पक्राउ परेका छन्।

काठमाडौँ कपन बस्ने रामेछाप खाँडादेवी गाउँपालिका-५ घर भएका २७ वर्षीय दीपक श्रेष्ठ र २५ वर्षीय सुनिल श्रेष्ठ स्रोत नखुलेको रकमसहित पक्राउ परेको प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ।

प्रहरी वृत्त दरबारमार्गबाट खटिएको प्रहरीले हिटीपोखरीबाट नागपोखरीतर्फ जाँदै गरेको बाप्र ०२-५२ प ६९९४ नम्बरको स्कुटरमा सवार उनीहरूलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो।


## बिमालेख हरायो

बिर्तामोडबाट हल्दिवारी जाने क्रममा यही मिति २०८०/१०/२६ गते मेरो निम्न व्यहोराको हिमालय लाइफ इन्स्योरेन्स लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- पिताम्बर फागो लिम्बू
**ठेगाना**:- हल्दिवारी-२, झापा
**पोलेसी नं.**:- ULI1180000285
**कम्पनी नाम**: हिमालय लाइफ इन्स्योरेन्स

## सवारी साधन लिलामी गर्ने बारेको १५ दिने सूचना

यस जुनतारा कृषि सहकारी संस्था लि. महमाई इलामको नाममा दर्ता रहेको प्रनं.-०१-००१त ९२१५ नम्बर निजी ट्याक्टरको तपसिलमा रहेको विवरण अनुसारको लिलामी गर्नुपर्ने भएको हुँदा मिति २०८२ पुस १६ गतेका दिन यस कार्यालयको सूचना पार्टीमा ३५ दिने सूचना जारी भएता पनि कुनै पनि महानुभावको बोलपत्र नआएको हुँदा पुनः १५ दिने सूचना प्रकाशित गरिएको छ, इच्छुक महानुभावले सम्बन्धित संस्थामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**
- सवारी नं. प्र१-०१-००१त ९८१५ – वनेको साल २०१९
- चेसीस नं. BBNBESSAJKCL84246
- इञ्जिन नं. 4750041SAL20015
- रंग : निलो – सीसीः ३३०८ सीसी

**जुनतारा कृषि सहकारी संस्था लिमिटेड**
महमाई, इलाम (मो. ९८५१२०३७५५)

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



अर्जुनधारा नगरपालिका
**शनिश्चरे अस्पताल**
शनिश्चरे, झापा
कोशी प्रदेश, नेपाल

## बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

**सूचना प्रकाशित मितिः २०८२/१२ /०१**

यस कार्यालयको विभिन्न मितिमा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरुमध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई तपसिल बमोजिमको प्रस्तावहरु छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन-२०६३को दफा २७को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट प्रस्तावबिरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानी स्वीकृत गरिनेछ।

**तपशिल**

| S.N. | Contract No. | Description of Works | Name and Address of Successful Biddersand items selected | Bid amount in NRS.(without vat) |
|---|---|---|---|---|
| 1 | SH/NCB/ GOODS/ 06-082/83 | Supply for medicine | SHREE GANESH DRUG HOUSE DHARAM BAND H ROAD phone: 9804362461 | 1,22,81,634.00/- |

**शनिश्चरे अस्पताल**
अर्जुनधारा न.पा. ९, झापा

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।
- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## ग्यासको विकल्प इन्डक्सन

**मध्यपूर्वमा चर्किएको युद्धका कारण नेपाली भान्सा प्रभावित हुन थालेको छ । नेपाल आयल निगमले पेट्रोल तथा ग्यासको अभाव नरहेको बताउँदै आएको भए पनि उपभोक्ताले ग्यास लिनकै लागि सरकारलाई गुहार्नुपर्ने अवस्था छ । देशमा ग्यासको अभाव देखिएपछि निगमले पनि आधा सिलिण्डर मात्रै ग्यास वितरण गर्ने निर्णय गरेको छ । निगमले ग्यासको आपूर्ति नियमित भइरहे पनि मध्यपूर्वको तनावका कारण भारतमै प्रतिमहिना एउटा सिलिण्डर मात्रै ग्यास दिने निर्णय गरेको थियो । भारत, बंगलादेश, पाकिस्तान लगायतका देशमा पेट्रोलियम पदार्थ र खाना पकाउने ग्यासको अभाव बढ्न थालेपछि त्यसको असर नेपालमा पनि पर्न थालेको हो ।**

**ग्यासको अभाव हुनुमा उपभोक्ताको प्रवृत्ति पनि जिम्मेवार छ । जब–जब बजार अभावको हल्ला चल्छ, तब–तब उपभोक्ता पनि आवश्यकभन्दा बढी मौज्दात राख्न खोज्छन् । त्यसले नियमित वितरण प्रभावित हुन्छ, जो जुनसुकै उपभोग्य वस्तुमा देखिने गरेको छ । निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले पनि उपभोक्ताले आवश्यकताभन्दा बढी थुपार्नु खोजेपछि आधा सिलिण्डर ग्यास तिवरण गर्ने निर्णय गरिएको बताए । ग्यास अभावको बजार हल्लाले कृत्रिम अभाव देखिएको हुनसक्छ । त्यहीकारण पनि ग्यास उद्योगबाटै नियमितभन्दा आधा सिलिण्डर ग्यास मात्रै बिक्री डिपोमा पठाउने छन् । तर, यत्तिले मात्र उपभोक्ताको समस्या हट्दैन । किनकि मध्यपूर्वको युद्धले पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्तिमा विश्वव्यापी रुपमै असर परिरहेको छ ।**

**देशमा उत्पादन हुने वस्तुमै आत्मनिर्भर हुन नसकेको सन्दर्भमा इन्धन अभावको समस्या सामान्य होइन । एलपी ग्यास निगमले भारतको इन्डियन आयल कर्पोरेशनसँग किनेर ल्याउने गरेको छ । सम्पूर्ण रुपमै भारतमा निर्भर ग्यासको आपूर्ति भारतमै प्रभावित भएपछि त्यसबाट नेपालीको भान्सा अप्रभावित हुन सक्दैन । अहिले नै मागभन्दा निक्कै कम ग्यास आयात भइरहेको अवस्थामा ग्यासको विकल्पको खोजी गर्न जरुरी छ । त्यसो त अब परम्परागत इन्धन दाउराको प्रयोग गर्ने अवस्था छैन । नेपालीको जीवनमा ग्यास सिलिन्डर जोडिइसकेको छ । यस्तोमा वैश्विक समस्याका रुपमा देखिएको अभावबाट मुक्ति पाउन विद्युतीय चुलो प्रयोग गर्नुको विकल्प छैन । यस्तोमा विद्युत आपूर्ति सरल र सहज भएका उपभोक्ताले इन्डक्सन चुलो प्रयोग गरेर ग्यासको आपूर्ति र वितरण सहज बनाउन सकिन्छ । त्यसैले सरकार र निगमले शहर बजारमा इन्डक्सन चुलो प्रयोग गर्ने विशेष व्यवस्था गर्नुपर्छ । अन्यथा युद्धका कारण उत्पन्न समस्या युद्ध बिराम नहुँदासम्म समाधान हुँदैन ।**

# इरान किन चर्चामा छ...



**ध्रुवहरि अधिकारी**

पश्चिम एसिया यतिखेर अशान्त छ । यसको प्रत्यक्ष असर एसिया महादेशको बाँकी भागमा पर्ने नै भयो, परोक्ष प्रभाव सिंगो विश्वले व्यहोरिरहेको छ । युक्रेनतिरको युद्धले मूलतः युरोपलाई पिरोलेको थियो । दिन प्रतिदिन परिस्थिति जटिल हुँदो छ । पेट्रोलियम पदार्थको उत्पादन र ढुवानी प्रभावित हुँदा आयात गरिएको इन्धनमा भर पर्ने कुन चाहिँ देशको अर्थतन्त्र संकट मुक्त रहन सक्ला र ?

इरान एकैपटक इजरायल र अमेरिका दुईतिरबाट भएको हवाई आक्रमणमा परेपछि क्षेत्रीय शान्ति खल्बलिएको हो । शक्तिराष्ट्र अमेरिका नै संलग्न रहेको कारबाही भएकाले विश्व शान्ति र सुरक्षा एकाएक धरापमा परेको महशुस गरिएको छ । अवस्था मंगबार यी हरफ लेखुञ्जेलसम्म पनि तरल देखिएको छ किनभने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको स्वर र शैली कठोर हुन छोडेको छैन । इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतन्याहू अझ बढी आक्रामक भएर युद्ध-संयन्त्र सञ्चालन गरिरहेका छन् ।

राजधानी तेहरान र अन्य कतिपय नगरमा आधुनिक क्षेप्यास्त्र, ड्रोनहरूको वर्षा रोकिएको छैन । सैनिक बर्दीधारी मात्र होइन हजारौंको संख्यामा गैरसैनिक इरानी नागरिकको ज्यान गएका खबरहरू आउने क्रम रोकिएको छैन । पहिलो दिनको अमेरिकी हवाई हमलाको निशानामा एउटा प्राथमिक विद्यालय पऱ्यो जहाँ ७ वर्षदेखि १२ वर्ष उमेरका एक सय ६० जनाभन्दा बढी बालिकाको प्राण गयो । संयुक्त राष्ट्रसंघको मानव अधिकार आयोगले यसको तीव्र निन्दा गरेको छ । ट्रम्पको भनाइमा त्यो नरसंहार इरानी सैनिकहरू आफैंले गराएका हुन् !

इस्लामिक गणतन्त्र इरानमा यसपल्टको पहिलो अमेरिकी हवाई हमला २८ फेब्रुअरी (फागुन १६ गते) भयो जसमा सर्वोच्च धार्मिक नेता आयातोल्लाह अली खामेनी, उनकी पत्नी, रक्षामन्त्री र सेनापति समेत ५० जनाको ज्यान गयो । इरान एकाएक नेतृत्वविहीन जस्तो हुन गयो । यसबाट ट्रम्प र नेतन्याहू उत्साहित भए । नेतृत्वको अभावमा इरान कमजोर भएको अनुमान त गरे तर वाशिङटन र तेल अविव दुबै ढुक्क भने थिएनन् । इरानले प्रत्याक्रमण गर्ने अनुमान भएकाले इजरायलको सरकारले नागरिक सुरक्षाका यथोचित उपाय अपनायो । नभन्दै इरानले इजरायलका सैनिक संरचनाहरूलाई लक्ष्य गरेर क्षेप्यास्त्रहरू प्रहार गर्ने क्रम थाल्यो जुन हप्तादिन पछिसम्म पनि रोकिएन । लामो दूरी छिचोलेर अमेरिकी महादेशमा प्रहार गर्ने हतियार भएको भए सके त्यता पनि इरानले प्रयास गर्थ्यो होला ।

सायद त्यो सम्भव नभएकाले इरानको युद्ध-संयन्त्रले खाडी क्षेत्रमा भएका देशमा राखिएका अमेरिकी सैन्य शिविर (अखाडा)हरूलाई तारो बनाउने काम गऱ्यो । कतिपय क्षेप्यास्त्रले नजिकका होटल, विमान स्थल र गगनचुम्बी भवन समेतका संरचना क्षतिग्रस्त हुन पुगे । एकातिर खाडी देशका बासिन्दा आतङ्कित भए भने अर्कोतिर नेपाल लगायतका मुलुकबाट आएका लाखौंलाख श्रमिक संकटको भूमरीमा परे, परेकै छन् ।

हवाई सेवा अवरुद्ध हुँदा दशौं हजार यात्रु अलपत्र पर्नु र पर्यटन व्यवसाय अस्तव्यस्त हुनु त्यस भेगका सबै देशका लागि चिन्ताको विषय भएको छ । केही देशमा अमेरिका आफैंले कूटनीतिक नियोग बन्द गरेर त्यहाँ कार्यरत कर्मचारीलाई स्वदेश फर्काएको छ । सम्भवतः अमेरिकाले यस हदमा खुम्चिनुपर्ला भन्ने अनुमान ट्रम्प प्रशासनले गरेको थिएन ।

**अस्तित्वको संकट**

आखिर के कुराले ट्रम्पलाई इरान माथि चढाञी गर्न हुट्हुटी गरायो त ? इजरायलको कुरो त बुझ्न सकिन्छ :- आफ्नो अस्तित्व नै संकटमा पर्ने भयले इरानमाथि जाइलाग्न र उसको शस्त्रागार नष्ट गर्न हौसिएको हुनु पर्छ । 'इजरायललाई ध्वस्त पार्ने' इरानी नीति भएकाले समयमै सावधानी अपनाउन खोजेको होला भन्न सकिन्छ । अमेरिका चाहिँ... ? त्यस शक्तिराष्ट्रलाई इरानले ध्वस्त गराउने प्रण नै गरेको रहेछ भने पनि ठूलो क्षति गराउने सामर्थ्य राख्दैन । यति कुरो ट्रम्प प्रशासनले बुझेको हुनु पर्छ । त्यसो भए किन खनिएको ट्रम्प प्रशासन इरानमाथि ? पश्चिमा देशकै प्रमुख समाचार माध्यममा आएका खबर र टिप्पणी पढ्दा के थाहा हुन्छ भने इरानमाथिको सैनिक कारबाहीको अन्तिम लक्ष्य के हो त्यसबारे ट्रम्प आफैं स्पष्ट छैनन् ।

इरानले आणविक लगायतका हात-हतियार नबनाओस् भनेर हो ? त्यसो हो भने जुन, २०२५ को '१२-दिने युद्ध' मै शक्तिशाली बम विस्फोटन गराएर आणविक केन्द्रहरू पूरै निमिट्यान्न गऱ्यौं भनेर उनले दाबी नगर्नुपर्ने । कि कट्टरपन्थी शिया मुसलमान शासकहरूबाट इरानका जनताले मुक्ति पाउन् भनेर हो ? त्यसो हो भने इरानी जनतालाई संगठित र सशक्त पार्न सघाउ पुऱ्याउन के-के उपाय गरिँदैछ त ? त्यसको कुनै तयारी सतहमा देखिएको छैन । बरु ट्रम्पले इरानी जनतालाई यसो भन्नु पर्याप्त मानेः- शीर्षस्थ नेताहरूलाई हामीले पन्छाइदिहाल्यौं, अब अवसरको लाभ लिन जनता आफैं अग्रसर हुनुपऱ्यो ।'

ट्रम्पका परराष्ट्र मामिला मन्त्री मार्को रुबियोले प्रेससामु प्रकट हुँदा एकदिन यसो भन्न पुगेः- इजरायलको सरकारले हामीलाई यस मामिलामा हात हाल्न बाध्य गरायो । हामीलाई के थाहा भयो भने अमेरिका संलग्न नभए पनि इजरायलले इरानमाथि प्रहार गर्छ, गर्छ । त्यस बखतमा जवाफी हमला गर्दा इरानले हामीलाई पनि छोड्ने छैन । अर्थात् अमेरिकी सुरक्षाउपर 'टर्नै नसक्ने धम्की' आउने भयो । त्यसैले 'अपरेसन फ्यूरी' नामको सैनिक कारबाही थाल्नु परेको हो ।' प्रतिनिधिसभाका सभामुख माइक जोन्सन (जो रिपब्लिकन पार्टीका सदस्य हुन)ले पनि प्रेसलाई उस्तै आशयको बयान दिएः- राष्ट्रपति ट्रम्प यो कठोर निर्णय लिनैपर्ने अवस्थामा पर्नुभयो ।'

सभामुख जोन्सनले त्यस क्रममा इरान हमलाका चार उद्देश्य बताए :- क्षेप्यास्त्र उत्पादन र प्रयोग गर्ने इरानी क्षमतालाई नष्ट गरिदिनु, जलसेनाको शक्ति विनास पारिदिनु, आणविक हतियार बनाउने बाटो बन्द गरिदिनु र इरानका शासकलाई आतंकारी समूहहरूलाई हतियार, पैसा र निर्देशन दिन नसक्ने तहमा झारिदिनु । सारांशमा, अमेरिकाको सैन्यशक्ति मूलतः इजरायलका लागि प्रयोग गरिएको हो । त्यसै हुनाले यो 'अमेरिका पहिले' भन्ने ट्रम्पको नारासँग मेल खाने कार्यशैली भएन । ख्याती प्राप्त प्रोफेसर जेफ्री स्याक्स जस्ता विद्वानहरूले ट्रम्प इजरायलको 'कठपुतली' हुन पुगे भनेर कडा शब्दमा आलोचना गर्दै आएका छन् । जानकारहरूको रायमा औपचारिक रूपमा जे-जस्ता कारण देखाइए पनि ट्रम्पका आँखा तेल लगायतका खनिज वस्तुमा परेका छन् ।

**कानूनको उपेक्षा**

सरकारी स्तरबाटै अमेरिकाले इजरायलको लागि काम गरेको भन्ने स्वीकारोक्ति आएपछि राष्ट्रपति ट्रम्पले 'अमेरिकी जनताको काँधमा अनावश्यक युद्ध थोपरिदिएका हुन्' भन्ने जनधारणा प्रबल भएको हो । साथै, अमेरिकामै पेट्रोलियम पदार्थको मूल्य सँगसँगै बजारभाउ अक्कासिनु, बेरोजगारी बढ्नु र अन्तर्राष्ट्रिय समुदायमा अमेरिकाको साख घट्दै जानुबाट ट्रम्पलाई निकै अप्ठ्यारो परेको देखिन्छ । यद्यपि उनका लिखित तथा भिडियो सन्देशहरूले त्यस्तो अड्कलका लागि ठाउँ छोड्ने गरेका छैनन् । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा खटेका बखत ट्रम्पकी पत्नी र अन्य अमेरिकी कूटनीतिक प्रतिनिधिहरूले ट्रम्पबारे बाहिरबाट भएको आलोचनाको खण्डन गरेको पाइन्छ ।

राष्ट्रपति ट्रम्पले यसअघि भेनेजुएलाउपर गरेको सैनिक कारबाही जस्तै इरानमाथिको आक्रमण अमेरिकी संविधानको व्यवस्थालाई नै बेवास्ता गर्दै भएको छ भनेर अमेरिकी सांसद्हरूले सार्वजनिक रूपमा आवाज उठाएका छन् । स्मरणीय छ, अमेरिकी संविधानले संसद् (कंग्रेस)को अनुमति लिएर मात्र सरकार लडाञीमा जान पाउँछ भनेर किटान गरेको छ । ट्रम्प तथा उनका सहयोगी सल्लाहकारहरू कांग्रेसलाई योजना सुनायो भने त्यो सूचना चुहेर शत्रु पक्षकहाँ पुग्छ भनेर जोखिम नमोलेको हो भन्ने तर्क दिने गर्छन् । सभामुख सहितको 'आठजनाको समूह'लाई गोप्य जानकारी दिएकै हो भनेर पन्छिन रुचाउँछन् । एकतर्फी र सानो समूहलाई गराएको 'जानकारी' संसदीय अनुमतिको विकल्प हुन सक्ने कुरै आएन । यस्तो अनौपचारिक भेटघाट कानूनी आधार बन्न सक्दैन ।

अन्तर्राष्ट्रिय कानूनको खिल्ली उडाउने सिलसिला त ट्रम्प प्रशासनले भेनेजुएलाको घटनाबाटै थालेको हो । आफैं सदस्य रहेको विश्वसंस्थाको बडापत्र (चार्टर)लाई उपेक्षा गर्दै सुरक्षा परिषद्को स्थायी सदस्य अमेरिकाले राष्ट्रसंघको अनुमति बेगर सैनिक आक्रमण गरेको विषय अन्तर्राष्ट्रिय कानूनविद्हरूले चर्चामा ल्याएका छन् । भनिन्छ, सन् २००१ मा अफगानिस्तान र २००३ मा इराकउपर हमला गर्नुअघि जत्तिको औपचारिकता समेत यसपटक निर्वाह भएन । उतिखेरका महासचिव कोफी अनानले प्रष्ट शब्दमा इराक माथिको हमला 'गैरकानूनी' हो भनेर बोलेका थिए ।

स्विडेनको विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानून विषय पढाएका, अनुभवी प्रोफेसर कटक मल्लको भनाइ छः- हो, राष्ट्रसंघीय बडापत्रको धारा ५१ ले 'आत्मरक्षा' (सेल्फ-डिफेन्स)का लागि सदस्य-राष्ट्रले बल प्रयोग गर्न पाउने प्रावधान राखेको छ । अहिले इरानको सन्दर्भमा यो प्रावधान आकृष्ट हुँदैन किनभने इरानी क्रियाकलापबाट अमेरिकी सुरक्षामा 'तत्काल खतरा' परेको देखिंदैन । पछि-कालान्तरमा-जोखिम पर्नसक्ने अड्कलको आडमा अहिले नै आक्रामक हुन पाउने सुविधा अन्तर्राष्ट्रिय कानूनले दिएको छैन । बरु इरानले चाहिँ आत्मरक्षाका लागि सैनिक उपाय अवलम्बन गर्न पाउँछ । तर उसले पनि विमानस्थल, गैरसैनिकहरूको आवास भएका भवन र सार्वजनिक संरचनालाई ध्वस्त गर्न मिल्दैन, पाउँदैन ।'

**नाजायज कदम**

सन् १९७९ मा राजतन्त्रको अन्त्य गरेपछि इरानमा स्थापित इस्लामिक राज्यका शासकहरू क्रूर र कठोर भएकोमा सन्देह छैन । यो वास्तविकता नीलो आकास जत्तिकै छर्लङ्ग छ । तथापि त्यसको निहुँमा इरानको सार्वभौमिकता, स्वतन्त्रता र भौगोलिक अखण्डतालाई कुण्ठित गरेको घटनालाई साविकमा अमेरिकाको निकट रहेका स्पेन, फ्रान्स, बेल्जियम, आयरल्याण्ड र बेलायत समेतका सरकारले अन्तर्राष्ट्रिय कानूनको हेक्का नराखीकन गरेको सैनिक कारवाहीलाई जायज मान्न सकेनन् । बेलायतका प्रधानमन्त्री केएर स्टारमरले आफ्नो देशका सैनिक शिविरहरू इरानमा आक्रमण गर्ने प्रयोजनका लागि अमेरिकालाई दिन सकिँदैन भनिदिए । ट्रम्प रुष्ट भए ।

२१औं शताब्दीको आरम्भमा अमेरिका इराकउपरको सैनिक कारबाहीमा लाग्यो । सद्दाम हुसेनको इराकले कुवेत कब्जा गरेको हुनाले कुवेतलाई पुनः स्वतन्त्र गराउन त्यो कदम चाल्नु परेको थियो । करिब तीन सय अमेरिकी सैनिकको ज्यान गयो । त्यसपछि अफगानिस्तान प्रत्यक्ष अमेरिकी सैनिक निशानामा पऱ्यो । त्यो सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकामा भएको आतङ्ककारी घटनाको सिलसिलामा थियो । करिब २० वर्ष त्यो देशलाई अधीनस्थ राख्दा २५ सय बर्दीधारी अमेरिकी र १८ सय अन्य अमेरिकीको ज्यान गयो । अमेरिकालाई भरथेग दिने अन्य देशको पनि निकै नोक्सानी भयो । सन् २००३ मा इराक उपरको चढाञीमा ४४ सय अमेरिकी सैनिक गुमे । खर्बौं डलर खर्च भयो । आखिर यस्ता क्रियाकलापबाट कसको हित भयो त ?

**अन्त्यमा**

कतै यो संसार तेस्रो विश्वयुद्धको सँघारमा आइपुगेको त होइन ? चौतर्फी अनिष्ट र भयको वातावरण छ । यसैलाई इंगित गर्दै आयरल्याण्डकी राष्ट्राध्यक्ष क्याथरिन कोन्नोलीले अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा भनिन्- राष्ट्रसंघको चार्टर उल्लंघन गर्दा आइपर्ने विनासकारी परिणामको उपेक्षा गर्न सकिँदैन ।' स्मरणीय छ, आयरल्याण्ड नेपाल जस्तै सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्य भई सन् १९५८ देखि हालसम्म शान्ति सेना मार्फत विश्वसंस्थालाई योगदान गर्दै आएको मुलुक हो । गोप




## पाठकको अभिमत

शनिबार प्रकाशित पूर्वाञ्चल दैनिक पत्रिकामा स्व. बिनोद बस्नेतकी धर्मपत्नी कोपिला बस्नेतको आत्महत्या सम्बन्धी एउता लेख छापिएको रहेछ । मलाई त्यो लेख देख्दा कौतुहल भयो र लेखलाई राम्रोसँग पढें । किनभने उहाँका पति बिनोद बस्नेतले अचानक आत्महत्याको कठिन बाटोबाट मृत्युलाई वरण गर्नुभएको १ वर्ष पनि पुगेको छैन । त्यो लेख पढेपछि मैले टेलिफोन मार्फत कोपिलाजीसङ्ग कुरा पनि गरें । उहाँको पीडा असहनीय थियो । महिलाहरुभन्दा पुरुषहरुले आत्महत्या धेरै गरिरहेका छन् । उहाँको विश्लेषण छ कि पुरुषहरू महिलाहरुभन्दा अन्तर्मुखी हुन्छन् । उनीहरु कुनै समस्या वा कुनै पीडामा छन् भने पनि त्यसलाई बाहिर व्यक्त गर्न आफ्नो समाजिक प्रतिष्ठाको कारण आट गर्न सक्दैनन् । यही कारण उनीहरुमा मानसिक पीडाको जटिलता बढ्दै जाँदा मृत्यु नै सजिलो बाटो भएको निर्णयमा पुग्दा आत्महत्या गर्न पुग्दछन् । कोपिलाजीको यो विश्लेषण मलाई सही लाग्छ ।

मानव एक यस्तो प्राणी हो जो सधैं आफ्नो उन्नति, प्रगति र प्रतिष्ठाका लागि अनवरत कोशिस गरिरहेको हुन्छ । यो कोशिस मानिसमा जीवनभर रहन्छ । बिशेष गरेर पुरुषहरुमा यो सोचाइ अधिक हुन्छ । मानिसको लक्ष्य असीमित हुन्छ । एउटा लक्ष्य तय गर्छ र त्यो लक्ष्य प्राप्त भएपछि ऊ त्यहाँबाट अझै अगाडि जान चाहन्छ र अर्को ठूलो लक्ष्य प्राप्त गर्ने कोशिसमा लागीरहन्छ । कोही लखपति भयो भने करोडपती, अरबपति त्यसपछि खरबपति हुने असीमित इच्छाले गर्दा ऊ यदि कुनै कारणबस असफल हुन थाल्यो र उसको मानसम्मान र प्रतिष्ठामा आँच आउने ठान्यो भने विशेष गरेर पुरुषहरु बाहिर वा घरपरिवारमा उसको समस्या वा पीडा व्यक्त गर्न आँट गर्न नसक्दा आत्महत्या गर्ने घटनाहरु हुनेगर्छ । यो समस्या नेपालमा आर्थिक र सामाजिक परिवेशमा स्खलन भइरहेकाले गर्दा धेरै मानिसहरु पीडामा परेका छन् भन्ने लाग्छ । यो समस्यालाई कसरी न्यूनीकरण गर्न सकिन्छ, यसमा खुल्ला बहस गर्दै आँट र हौसला बढाउने प्रयास हुनुपर्छ भन्ने मलाई पनि लागेको छ । जय नेपाल ।

**सुधिरकुमार शिवाकोटी : संविधानसभा सदस्य, बिर्तामोड**

## सुन्दरहरैंचामा शारीरिक अशक्तलाई आवास

**मोरङ, चैत १।** मोरङको सुन्दरहरैंचा नगरपालिकामा सामाजिक सेवा र मानवीय संवेदनाको सुन्दर उदाहरण प्रस्तुत भएको छ ।

सुन्दरहरैंचा-१० बागझोडामा शारीरिक रूपमा अशक्त एक व्यक्तिका लागि 'सहयोगी मनहरू' नामक सामाजिक संस्थाले घर निर्माण गरेर हस्तान्तरण गरेको छ । संस्थाको पहल र सहयोगले बनेको उक्त घर अहिले एक विपन्न परिवारका लागि सुरक्षित आश्रय बनेको छ ।

संस्थाका अध्यक्ष भीम अधिकारीका अनुसार निर्माण सम्पन्न भएको घरमा कुल लागतको करिब ७५ प्रतिशत रकम संस्थाले जुटाएको हो भने बाँकी २५ प्रतिशत रकम घरधनीले स्वयम् लगानी गरेका हुन् । उनले संस्थाका सदस्यहरूबाट रकम सङ्कलन, सहयोगी मनहरू र विभिन्न शुभेच्छुकहरूको आर्थिक सहयोगबाट घर निर्माण सम्भव भएको जानकारी दिए ।




अध्यक्ष अधिकारीका अनुसार 'सहयोगी मनहरू' संस्था केवल घर निर्माणमै सीमित छैन, समाजका विभिन्न क्षेत्रका विपन्न र असहाय वर्गलाई सहयोग पुऱ्याउँदै आएको छ । यसअघि पनि संस्थाले विभिन्न स्थानमा घर तथा टहरा निर्माण, विपन्न बस्तीहरूमा कपडा वितरण तथा विद्यालयका विद्यार्थीहरूलाई स्वीटर वितरण जस्ता मानवीय कार्यहरू गर्दै आएको छ ।

त्यसैगरी संस्थाले आर्थिक अभावका कारण पढाइमा समस्या झेलिरहेका विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई शैक्षिक सामग्री उपलब्ध गराउने र धेरै विद्यार्थीहरूको विद्यालय शुल्क समेत तिर्दै आएको जनाएको छ ।

संस्थाका सचिव खेम गौतमका अनुसार संस्थाको केन्द्रीय कार्यालय सलकपुरमा रहेको छ र आगामी दिनहरूमा पनि समाजमा रहेका असहाय, अपाङ्ग तथा विपन्न समुदायका लागि यस्ता सेवा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

सामाजिक सहयोग, सहानुभूति र एकताको भावना जब एकै ठाउँमा मिसिन्छ, तब समाजमा यस्तै प्रेरणादायी काम सम्भव हुन्छ भन्ने उदाहरण सहयोगी मनहरू संस्थाले प्रस्तुत गरेको स्थानीयबासीहरूको भनाइ छ ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय सामान्य रहेको छ, ढिलै भए पनि काम सफलता हुँदा मन खुशी रहला, स्वास्थ्यमा गडबडीको योग छ, खानपानमा ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** पती-पत्नीबीच विशेष सल्लाह हुन सक्छ, सन्तान पक्षबाट शुख मिल्नेछ, थोरै खर्च हुने योग रहको छ, सतर्क रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय अनुकूल देखिएको छ, बोल्दा विचार पुऱ्याउनुपर्छ, मध्यान्हपछि शुभ समाचार आउनेछ, मित्रजनसँग भेटघाटको समय छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय छ, दाम्पत्य जीवन शुखी रहनाले उत्साह बढ्ने छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** नयाँ अवसरको बाटो खुल्नेछन्, नयाँ जोशजागरले अघि बढ्नुहोला, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बोलिको प्रभावले आयआर्जनमा फाइदा हुनेछ, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढ्न सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी भएर जानेछ, परिवारजनमा रमाइलो हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** व्यापार-व्यवसायमा लाभदायकयोग छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले तपाईको आज मन प्रशन्न रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सुख र धनको प्राप्ती हुनेछ, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य शुख मिल्नाले मन हर्षित रहला ।

**मिति २०८२/१२/०१ आइतबारको सुनचाँदी मूल्य**

**छापावाला सुन प्रति तोला** रु. ३०९,४००/-

**चाँदी प्रति तोला** रु. ५,२७०/-

# अभियानले जमिन खरिद गर्‍यो



**बुट्टाबारी, चैत १।** स्वच्छ समाजका लागि सामाजिक अभियान झापाले दुई कट्ठा सात धुर जमिनको रकम भुक्तानी गरेको छ ।

गर्दा के नहुदो रहेछ भन्ने भनाइलाई साकार पार्दै सामाजिक अभियन्ता गणेश ढुंगानाले विगत कोरोना भाइरस (कोभिड)को महामारीमा असहाय, अपाङ्गतालाई चुलो निभेको समयमा सहयोग जुटाइ खाद्यान्न व्यवस्थापन शुरु गरेको थिए ।

उनीहरुलाई बस्ने आवासका लागि विभिन्न स्थानबाट टुटेफुटेका सिसा, प्लास्टिक तथा फोहोर संकलन गरी रकम जम्मा गरेका थिए । साथै उनले एक व्यक्ति एक धुर सहयोग अभियान मार्फत विभिन्न सहयोगी दाताबाट संकलित रकमबाट अर्जुनधारा-११ सालबारीमा दुई कट्ठा सात धुर जमिन ४२ लाख रुपैयाँमा खरिद गरेका थिए ।

अभियान अन्तर्गत अन्तिम किस्ता तिर्न अस्ट्रेलिया रहेका राजन प्रसाई, दिया प्रसाईं, डम्बरकुमारी ओली प्रसाईले आफ्ना बुबा-आमा स्वर्गीय गोपीलाल र सावित्रा प्रसाईं तथा काशीनाथ र गोमादेवी प्रसाईको स्मृतिमा भान्जा योगेश ओली मार्फत ८१ हजार रुपैयाँ प्रदान गरेको ढुंगानाले जानकारी दिए । कार्यक्रमको सहजीकरण अभियानका सहजकर्ता वीपी कोइरालाले गरेका थिए ।

# विष्णुभगवतीका अभिभावकलाई तालिम

**बिर्तामोड, चैत १।** विष्णुभगवती स्मार्ट स्कूलले एक दिवसीय अभिभावक शिक्षा कार्यक्रम सम्पन्न गरेको छ ।

बिर्तामोड-१० विराटपोखरस्थित विष्णुभगवती स्मार्ट स्कूलको आयोजनामा बालबालिकाको समग्र विकासका लागि एक दिवसीय अभिभावक शिक्षा कार्यक्रम सम्पन्न भएको हो ।

विष्णु भगवती स्मार्ट स्कूलका संस्थापक प्रिन्सिपल पुण्यप्रसाद उप्रेतीको अध्यक्षता तथा नीजि तथा आवासीय विद्यालय प्याप्सन झापाका वरिष्ठ उपाध्यक्ष हरिकृष्ण पाठकको प्रमुख आतिथ्यमा भएको तालिममा विद्यालय विकास परामर्शकर्ता शिक्षक प्रशिक्षक मिनु सुवेदी र ग्लोबल आईएमई बैंकका अधिकृत सम्झना खड्काले प्रशिक्षण प्रदान गरेका थिए ।

प्रशिक्षक सुबेदीले बालबालिकाको सर्वाङ्गिण विकासका लागि विद्यालय र अभिभावकको सहकार्य सम्बन्धि तथा प्रशिक्षक खड्काले अभिभावहरुका लागि वित्तीय साक्षरता र वित्तीय अनुशासन सम्बन्धी विषयमा सहजीकरण गरेका थिए । उनीहरुले कसरी आमाबाबुले उमेर अनुसार छोराछोरीको पहिलो गुरु र सहयोगी साथी बनेर सकारात्मक सोच एवम् असल संस्कारको विकास गर्ने तथा आर्थिकरुपमा उत्कृष्ट व्यवहार र बचत गर्ने बानीको विकास गरेर पढाइ तथा जीवनयापन सरल र सहज बनाउने जस्ता विषयमा व्यवहारिक ज्ञान-सीप सिकाएका थिए ।

कार्यक्रममा अभिभावकले आफ्ना नानीबाबुको स्वभाव र समस्याको बारेमा विचार राखेका थिए । सहभागीका तर्फबाट प्रशिक्षार्थी सुष्मा अधिकारी र अम्बिका दाहालले तालिम अत्यन्त व्यवहारोपयोगी तथा लाभदायक भएको भन्दै आगामी दिनमा पनि



यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताएका थिए । तालिममा एक सय ८० जना अभिभावक सहभागी थिए ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि झापा प्याप्सनका वरिष्ठ उपाध्यक्ष हरिकृष्ण पाठकले बालबालिकाको प्रविधिमैत्री शिक्षामा जोड दिँदै अभिभावक तथा विद्यालयले योजना बनाएर इन्टरनेट तथा मोबाइलको सही प्रयोगमा कडाइका साथ नीति-नियमको अबलम्बन गर्नुपर्नेमा जोड दिए ।

विद्यालयका संस्थापक प्रिन्सिपल उप्रेतीले विद्यार्थीको समग्र विकासका लागि विद्यालय परिवारले अहोरात्र कडा परिश्रम गरिरहकाले दिनानुदिन विद्यालयको प्रगति भइरहेको र यसमा अभिभावकको साथ सहयोगले थप बल पुगेको बताए । शिक्षक अनु भट्टराईले नृत्य प्रस्तुत गरेको कार्यक्रममा बिर्तामोड-१० का वडाध्यक्ष दुर्योधन गुरुङ लगायतको आतिथ्य रहेको थियो । विद्यालयका अतिरिक्त क्रियाकलाप विभाग प्रशिक्षक दिनेशराज शर्माले औचित्यसहित स्वागत गरेको कार्यक्रमको सञ्चालन विद्यालय सञ्चालक विष्णु दाहाल उप्रेतीले गरेकी थिइन् ।

# एभरेष्ट फ्रेस एण्ड फेसन मार्ट दोस्रो वर्षमा

**बिर्तामोड, चैत १।** बिर्तामोडमा सञ्चालित एभरेष्ट फ्रेस एण्ड फेसन मार्ट दोस्रो वर्षमा प्रवेश गरेको छ ।

वार्षिकोत्सवको अवसरमा मार्टका सञ्चालक चान मोहमदले बिर्तामोड उद्योग वाणिज्य संघद्वारा स्थापित व्यवसायी सदस्य राहत कोषमा २१ हजार रुपैयाँ सहयोग प्रदान गरेका छन् ।

बिर्तामोड उद्योग वाणिज्य संघमा आयोजित कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलाई रकम हस्तान्तरण गरिएको थियो । संघले स्थापना गरेको राहत कोषमा हालसम्म २५ लाख रुपैयाँभन्दा बढी रकम संकलन भइसकेको छ भने कोषलाई एक करोड रुपैयाँ पुर्‍याउने लक्ष्य राखिएको छ । सहयोग प्रदान गरेकोमा मार्टका सञ्चालक चान मोहमदलाई संघले कदरपत्र प्रदान गर्दै सम्मान गरेको थियो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमियाले बिर्तामोड उद्योग वाणिज्य संघ अन्तर्गत स्थापना गरिएको राहत कोषले आमव्यवसायीलाई फाइदा पुग्ने विश्वास व्यक्त गरेका छन् ।

विशेषगरी साना तथा मझौला व्यवसायीका लागि यो कोष फलदायी हुने उनको भनाइ छ । उनले स्वतःस्फूर्त रुपमा रकम संकलन हुनु अत्यन्त सुखद्



भएको उल्लेख गर्दै कठिन आर्थिक अवस्थामा पनि एभरेष्ट फ्रेस एण्ड फेसन मार्टले आफ्ना ग्राहकलाई सरल, सहज र गुणस्तरीय सामग्री सुपथ मूल्यमा उपलब्ध गराउँदै विभिन्न आकर्षक अफर ल्याएकोमा खुशी व्यक्त गरे । अन्य शाखा विस्तार गर्दै त्यहाँका ग्राहकलाई समेत सेवा दिइरहेको खबरले आफू उत्साहित भएको उनले बताए ।

डालमियाले बिर्तामोड उद्योग वाणिज्य संघले व्यवसायीको हित र व्यवसाय प्रवर्द्धनका लागि गरिरहेको काम प्रभावकारी रहेको उल्लेख गर्दै राहत कोष सञ्चालन गर्ने परिकल्पनाकार अध्यक्ष न्यौपाने र उनको टिमलाई धन्यवाद दिएका थिए ।

यसैबीच मार्टको दोस्रो वार्षिकोत्सवको उद्घाटन बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष न्यौपानेले मार्ट परिसरमा राखिएको केक काटेर गरेका थिए ।

मार्टका सञ्चालक मोहमदका अनुसार वार्षिकोत्सवको अवसर पारेर चैत १ गतेदेखि १३ गतेसम्म ग्राहकलाई लक्षित गर्दै विशेष अफर सञ्चालन गरिएको छ ।

उक्त अवधिमा विभिन्न सामग्री खरिदमा विशेष छुटका साथै हरेक दिन एक जना ग्राहकलाई ५ हजार रुपैयाँ बराबरको सामग्री निःशुल्क प्रदान गरिने व्यवस्था गरिएको उनले जानकारी दिए ।

# फागुनमा पाथीभरामा ३१ लाखभन्दा बढी भेटी संकलन

**ताप्लेजुङ, चैत १।** पाथीभरा (मुक्कुमलुङ)मा फागुन महिनामा ३१ लाख रुपैयाँभन्दा बढी भेटी संकलन भएको छ ।

भक्तजनले चढाएको भेटीबाट उक्त रकम सङ्कलन भएको हो । पाथीभरा क्षेत्र विकास समितिले सार्वजनिक गरेको विवरणअनुसार फागुनमा भक्तजनले पाथीभरामा ३१ लाख १० हजार रुपैयाँ भेटी चढाएका छन् ।



समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार तीर्थयात्रीले मन्दिरमा चढाएको भेटी रकम समितिका कर्मचारीले नेपाल प्रहरीको रोहबरमा संकलन गर्ने गरेका छन् । संकलित भेटीलाई सुरक्षित रूपमा पोकामा लाहाछाप लगाई मन्दिर परिसरबाट फेदीसम्म ल्याइन्छ ।

फेदीमा करिब एक सातासम्म सङ्कलन भएको भेटीलाई त्यसपछि सदरमुकाम फुङलिङस्थित समितिको कार्यालयमा ल्याइन्छ । कार्यालयमा दैनिक रूपमा प्रहरी तथा सिसिटिभीको निगरानीमा भेटी गणना गरी बैंकमा जम्मा गर्ने व्यवस्था गरिएको समितिले जनाएको छ ।

सार्वजनिक गरिएको तथ्याङ्क अनुसार फागुनमा १८ हजार छ सय ५२ जना भक्तजन दर्शनका लागि पाथीभरा मन्दिर पुगेका छन् । प्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा रहेको पाथीभरामा वर्षभरि देश तथा विदेशबाट हजारौं भक्तजन दर्शनका लागि आउने गरेका छन् ।

## सच्याइएको सूचना

मिति २०८२ फागुन ३० गते शनिबार वर्ष ३२ अंक ११५ को पूर्वाञ्चल दैनिकको पृष्ठ नं. ४ मा प्रकाशित **बुद्धशान्ति गाउँपालिकाको सँधियारका नाममा जारी सूचनामा** बुद्धशान्ति वडा नं. ३ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

– व्यवस्थापक


## बिमालेख हरायो

बाह्रदशीबाट चारपाने आउने क्रममा यही मिति २०८१/०४/२८ गते मेरो निम्न व्यहोराको एलआईसी कम्पनीको पोलेसी हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम :- आदर्श भट्टराई
ठेगाना :- बाह्रदशी–३, झापा
पोलेसी नं. :- ६०००१२८८५
कम्पनी नाम :- एलआईसी
सम्पर्क :- ९८२५९१२११४

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## घर ढलान गर्नुछ ?

तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी. झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल–पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क : ९८०२३१३२९० ९८२४०५७७०७ ९८०२३१३२९३

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

शुद्ध दूधको स्वस्थ उत्पादन
## कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड, फोन नं.: ०२३–५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS, MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## वैदेशिक रोजगार

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क : ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३–५३५९७३
बिर्तामोड, झापा

उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक–अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरूः बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर

उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३–५३२८४५)

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई** सम्झनुहोस् । **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८


## अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस SUBHALABH ELECTRONICS ले China बाट पैठारी गरेको देहायको मालवस्तुको अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | CATEGORY | Model | Brand | ORIGIN | Capacity | Unit | MRP |
|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioner | Delt-12k1NV/wifi 12000BTU | DELTORN | China | 1 TON | 1 | 45000 |

importer Name :- SubhaLabh Electronic
Address :- Birtamode Jhapa Nepal
Phone No. :- 9824011255
PAN No. :- 303943987


नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको विशेष दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२-१२-२४ मा दर्ता भएको प्रा.लि .नं. १४७५७१ को हलेसी आवास कम्पनी नामक कम्पनी यस कार्यालयको मिति २०८२-११-२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गर एको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।